संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी
राष्ट्रिय दैनिक

खबर

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

## तु - होटल बिक्रिमा

गाईघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क -९८४२९९४३३०

■ बर्ष-१७, ▶▶ अंक ५ भदौ २२ गते मंगलबार,२०७८, Septmber–7 Tuesday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/–www.majhkharka.com

# त्रियुगा र उदयपुरगढी प्रमुख नेकपा (एस)मा सोमबार अरु पनि थपिदै

❖ मुलुकी संवाददाता

*उदयपुर, भदौ २१*

त्रियुगा नगरपालिका र उदयपुरगढी गाउँपालिका प्रमुखसहित डेढदर्जन एमाले जनप्रतिनिधिले माधव नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजबादी) रोजेका छन् । आईतबार त्रियुगा नगरप्रमुख बलदेव चौधरीलगायत आधा दर्जन बढीले नेकपा (एस)मा सनाखत गरेकोमा सोमबार उदयपुरगढी गाउँपालिका अध्यक्ष मानबहादुर केप्छाकी मगरलगायताले सनाखत गरेका हुन् ।





एमाले विभाजनपछि निर्वाचन आयोगले दिएको समयसीमा सकिन दुईदिन बाँकी छँदै दुई स्थानीयतह प्रमुखले एकीकृत समाजबादी रोजेका हुन् । उनीहरुले जिल्ला निर्वाचन कार्यालय गाईघाट गएर नेकपा (एस) को पक्षमा सनाखत गरेका हुन् । सोमबार सनाखत गर्नेहरुमा अध्यक्ष मगरसँगै ७ नं. वडाध्यक्ष कर्णमाया घलेमगर र गाउँ कार्यपालिका सदस्य एवं गाउँपालिकाका प्रवक्ता थमान विक रहेका छन् । नेकपा (एस)का प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाको साथमा सोमबार दिउसो आएर उनीहरुले सनाखत गरेको निर्वाचन कार्यालय उदयपुर ले जनाएको छ ।

अघिल्लो दिन सनाखन गर्नेमा मेयर चौधरीसहित ३ नं. वडाध्यक्ष अवधेशप्रसाद चौधरी, १३ की वडाध्यक्ष पशुपति चौधरी, वडा नं. ११ की सदस्य सकुन्तला विक, ६ नं. वडा सदस्य जयराम पञ्जियारलागयत छन् । नेपाल समूहकै २ नं. वडाध्यक्ष घमानसिंह खत्री, ११ नं. वडाध्यक्ष विश्वराज भट्टराई, १२ नं. वडाध्यक्ष जयविक्रम राईले सोमबारसम्म सनाखत गरेका छैनन् । उनीहरु मंगलबार अन्तिम समयसम्म सनाखत गर्न जाने नेकपा (एस)ले जनाएको छ ।

एकीकृत समाजबादीका केन्द्रीय सदस्य चौधरी एमाले हुँदा र माओबादी केन्द्रस्सँग एकीकरण भएर बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा पनि केन्द्रीय सदस्य नै थिए । उनी पार्टीको तत्कालीन जिल्ला इन्चार्ज पनि हुन् । उदयपुरगढीका अध्यक्ष मगर पहिलेदेखि नै माधव नेपाल समूहका हुन् । अध्यक्ष मगर लगायत ३ जनाले सनाखत गरे पनि उपाध्यक्ष सानुकुमारी राउत तथा ८ वडामध्ये सदस्यसहित सेटै जितेका १ नं. वडाध्यक्ष खेतबहादुर आलेमगर र २ नं. वडाध्यक्ष इन्द्र राउतलागयत १० जनाले सनाखत गर्न बाँकी छ ।

उनीहरु पनि सनाखत गर्न तयार रहेको तर, एमालेले नगर्न दबाब दिइरहेकाले अप्ठेरो महसुस गरिरहेको एकीकृत समाजबादीका नेताहरुको भनाई छ । *बाकी ३ पेजमा-*

# वक्तृत्वकला सम्पन्न

❖ मुलुकी सवाददाता

*उदयपुर, भदौ २१*

उदयपुरमा राष्ट्रिय बाल दिवस २०७८ को अवसरमा सोमबार जिल्लास्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ । सुशासनका हिमायती (जी३) र संगम सामुदायिक पुस्तकालयको संयुक्त आयोजनामा भर्चुवल माध्यमबाट सम्पन्न प्रतियोगिता किन्डरमिसन न्युवरक (जर्मनी) को सहयोगमा गरिएको हो । साझेदार संस्था मानव अधिकार मञ्च नेपाल, ईलामको सहयोगमा आयोजित प्रतियोगिता जारी कोरोना त्रासका कारण भर्चुवल माध्यमबाट सञ्चालन गरिएको हो ।

जिल्लाका विभिन्न विद्यालयहरुबाट १३ जनाले प्रतियोगितामा सहभागिता भएका थियो । जुम एपबाट ११ बजेदेखि सुरु कार्यक्रमा सहभागी बालबालिकाले कोभिडले शैक्षिक क्षेत्रमा पारेको असर र बैल्पिक उपायहरु शीर्षकमा आफ्ना भनाई प्रस्तु गरेका थिए ।

प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुनेलाई २ हजार, १ हजार ५ सय र १ हजार पुरस्कारप्रदान गरिएको थियो । कार्यक्रममा प्याराडाईज माविका सुनल घिमिरे, चुहाडे मावि का किसान भट्टराई र क्यानभास एकेडेमीका युमा राई क्रमशः प्रथम, दोस्रो र तेस्रो भएका थिए । आयोजक अध्ययक्ष भरत खड्काले प्रतियोगितामा प्रथम हुनेलाई २०७८ भदौ २९ मा हुने प्रदेशस्तरीय प्रतियोगितामा सहभागी गराइने बताए ।




## सगरमाथा यातायात









गाईघाटदेखि काठमाडौ र काठमाडौंदेखि गाईघाट सम्मको सुबिधा सम्पन्न यात्राको लागि सगरमाथा यातायात । भोला खड्का । सम्पर्क - ९८४०४१९८१२

# कर छलीको कपडा र औषधि पक्राउ

❖ मुलुकी सवाददाता

*कटारी, भदौ २१*

बिना बिलबिजक जिल्ला भित्र्याइदै गरेको माल सामान पक्राउ परेको छ । सिद्धिचरण लोकमार्गको मिर्चयादेखि उदयपुर र सिराहाको सीमानाका भएर भित्रिदै गरेको सामान जिल्लाको कटारी नगरपालिका १ बेलस्रोतस्थित प्रहरी चौकीले फेला पारेर नियन्त्रणमा लिएको हो ।

आइतबार बिराटनगरबाट कटारीतर्फ आउदै गरेको को १ ख ७७९५ नं को यात्रुबाहक बस कटारी नगरपालिका १ बेलस्रोतस्थित प्रहरी चौकीको टोलीले चेकजाँच गर्दा डिकीमा लुकाएर ल्याउँदै गरेको अवस्थामा सामान फेला पारी पक्राउ गरेको इलाका प्रहरी कार्यालय कटारीलाई उद्धृत गर्दै जिल्ला प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार डिकीभित्र लुकाएर ल्याएको लत्ता कपडा र औषधिलगायत सामग्रीको भरपर्दो बीलबिजक, अनलाईन बिल तथा मूल्य अभिबृद्धि कर (भ्याट) बील नभएको पाइएपछि कानुनी प्रक्रिया नपुगेको ठहर गरिएको हो । कर छलीको सामान ल्याएको यकिन गर्दै प्रहरीले समान नियन्त्रणमा लिएर कारबाही अघि बढाएको जिल्ला प्रहरीले जनाएको छ । पक्राउ सामान अन्दाजी दुईलाखभन्दा बढी मूल्यको हुनसक्ने अनुमान छ । पक्राउ सामान प्रहरी अनुसन्धानपछि थप कारबाहीका लागि सोमबार दिउँसो आन्तरिक राजश्व कार्यालय लाहान पठाएको जनाएको छ ।

सम्पादकीय

## नेपाली काङग्रेसलाई फाइदा नै फाइदा

नेपाली काङग्रेसका नेता कार्यकर्ताहरु अहिले १४ ओउ महाधिबेशनको तयारिमा गाउँ गाउमा वडा अधिबेशनको तयारी अन्तिम चरणम सकिरहेका छन । अहिले काङ्गेसमा नेता बन्न त्यति सजिलो छैन । केन्द्रिय सदस्य, माननिय सासद, मन्त्रीहरुलाई नेपालि काङ्गेसको नेता बन्न तल्लो तह वडा कमिटीबाट नै निर्बाचित हुनु पर्ने ब्यबस्था छ ।

अब काङग्रेसको कार्यकर्ता हुन नीति सिदान्त, बिचार भन्दा पनि हुल का हुल जनता जता छन त्यतै काङ्गेस हुनेहरु काहिरहेका छन । नेकपा एमाले, अन्य साना पाटिहरु बिभाजन भइरहेको अबस्था काङग्रेसले अहिले यस्तै अबस्थामा आफ्नो कमजोर सुधार गर्न सक्छ । यो अबस्थामा अब आउने चुनाबना नेपाली काङग्रेसलाई देशको पहिको पाटी बन्ने यो सुनोउलो अबसर हुन सक्छ ।

काङ्गेसले पाटीमा अब नया युवा पुस्तालाइ नेतृत्व मा निर्बाचित गर्न सक्नुपर्दछ । नया नेतृत्वले नै काङग्रेसको भबिष्य तय गर्नेछ । वडा सभापतिहरुमा निर्बाचित भएका वडाध्यछहरु निर्बाचित भएका छन उनिहरुको कामको अब मुल्यांकन गरिनेछ । विपक्षीहरुको कार्यकर्ताहरुलाइ आफ्नो नेपाली काङग्रेस पाटिमा ल्याउन प्रबेश गराउन जोड गर्नुपर्दछ । काङग्रेमा नेतृत्व मा आउने नया पाटिमा सदस्यता लिनेहरु को इमान्दारितालाई अब लेखाजोहा गरेर काग्रेसमा स्थान र जिम्मेबारि दिनुपर्दछ ।







सानुमाया फर्निचर उद्योग



प्रोपाईटर
कैलाश खत्री

सानुमाया फर्निचर उद्योग
त्रियुगा नगरपालिका ११, गाईघाट, उदयपुर। सम्पर्क – ९८११७५०८४४



# त्रियुगा...

समाजबादीका नेताहरुका अनुसार धेरै जनप्रतिनिधिहरु नेपाल पक्षमा सनाखत गर्न चाहेर खुलिसके पनि बिभिन्न प्रलोभन र धाकधम्की दिएर एमालमै बस्न बाध्य बनाउख खोजिदैछ ।

सनाखत गर्न अझै ३६ घण्टा समय रहेकाले मंगलबार कार्यालय समयभित्रसम्मा धेरै जनप्रतिनिधि आईपुग्ने एकीकृत समाजबादीका नेताहरुको दावी छ । पार्टी केन्द्रीय सदस्य तथा त्रियुगाका मेयर चौधरीले अरु पनि जनप्रतिनिधि मंगलबार सनाखत गर्न आउने बताए। वर्षाका कारण आउन नसकेर, कोही कामले व्यस्त भएर र कोही काठमाडौंबाट आउन नभ्याएर सनाखत गर्न उपस्थित नभएको उनले बताए।

एमालेका जिल्ला अधिवेशनबाट निर्वाचिन अध्यक्ष इश्वरमणि राउत, सचिव प्रमेश घिमिरे र जिल्ला कमिटीका बहुमत सदस्य माधव नेपाल समूहमै रहेकोमा पछिल्लो समय राउत समूह छाडेर एमालेमै बस्ने भएपछि नेकपा (एस)तर्फ खुल्ने संख्या घटेको हो। अध्यक्ष केपी ओलीले पहिलो पटक संसद विघटन गरेको बिरोधमा आयोजित आन्दोलनको नेतृत्व गरेका सचिव घिमिरे केही दिनपछि नै ओलीपक्षको जिल्ला अध्यक्ष बनेसँगै केही जिल्ला सदस्यहरु ओली खेमामा गएका थिए । तर, अन्तिम समयसम्म माधव समूहमै रहेका राउत भने पार्टी फुट्को संघारमा पुगेपछि नेपाल समूहलाई छाडेर गएका तेस्रो धारका भनिएका १० जनासागै एमालेमै फर्कने मनस्थितिमा पुगेका हुन ।

तर, पछिल्लो समय पार्टी ०७५ जेठ २ गतेको अवस्थामा फर्काइएको भनिए पनि व्यवहारमा नदेखिएपछि राउत अहिले दोधारमा परेको एसनिकट नेताहरु बताउँछन् । राउत दोधारमा परेसँगै एसमा जान ठिक परेका थुप्रै पार्दासम्म) भित्र को कता भन्ने कुराको छिनोफानो हुने खतविडा बताउँछन्।

अझै ३६ घण्टा समय बाँकी रहेकाले अहिले नै को को आउँछन् भन्न नसकिने उनले बताए । खतिवडाका अनुसार अहिलेसम्म १७ जनाले सनाखत गरिसकेका छन्, गाउँका कतिपय जनप्रतिनिधिलाई सनाखत गर्नुपर्छ भन्ने जानकारीसमेत नभएकाले पनि यस्तो भएको हो । तर, कम्तीमा अहिलेको संख्या दोब्बर हुनेगरी जनप्रतिनिधिले एस रोज्ने केन्द्रीय सदस्यसमेत रहेका त्रियुगाका मेयर बलदेव चौधरीको दावी छ ।

राउतले खेमा परिवर्तन गरेसँगै एसमा आउन लागेका ५० प्रतिशत जिल्ला सदस्यहरु र त्यत्तिकै हाराहारी जनप्रतिनिधि अलमलमा परेको अनुमान गरिएको छ। एसका नेताहरु भने राउतलाई ०७५ जेठ २ गतेमा फर्के जस्तो अध्यक्ष मान्न एमाले नेताहरु तयार नहुने दावी गर्छन् । घिमिरेलाई अध्यक्षमा यथावत राखेर इन्चार्जको भूमिकामा ओली खेमाकै एमाले नेतालाई राखेर राउतलाई सहइन्चार्जमा सीमित गर्नै पक्षमा रहेको दावी एस नेताहरुले गरेका छन् ।

०७४ को निर्वाचनमा ४ नगरपालिका र ४ गाउँपालिका रहेको उदयपुरमा चौदण्डीगढी नगरमा नेपाली कांग्रेस र लिमचुङबुङ गाउँपालिकामा नेकपा (माओबादी केन्द्र) ले जितेबाहेक अन्य स्थानीयतह एमालेको कब्जामा परेको थियो। त्रियुगा र लिमचुङबुङका उपप्रमुख चाही कांग्रेसले जितेको थियो भने ७५ वडामध्ये झण्डै दुईतिहाईमा एमालेकै वर्चश्व थियो ।

संघीय संसदतर्फ १ नं. वडामा कांगेसका डा. नारायण खड्काले जितेका छन् भने २ मा माओबादीका सुरेशकुमार राई (हिमाल) ले जितेका छन् । प्रदेशतर्फ १ (ख) मा कांग्रेसका हिमाल कार्कीबाहेक १ (क) मा एमालेकै बिमल कार्की, २ (क) मा माओबादीका नारायण बुर्जामगर र २ (ख) मा एमालेकै कला घलेले जितेका छन् । चुनावताका कार्की र घले माधव नेपालपक्षबाट टिकट पाएर चुनाव जिते पनि संसद बिघटनसँगै ओलीपक्षमा गएका छन् । ओलीपक्षमा गएपछि कार्की केन्द्रीय सदस्य भए भने घले भूमि व्यवस्था तथा सहकारि राज्यमन्त्री भएकी थिईन् ।

समानुपातिकतर्फ संघीय संसदमा २ जना कांग्रेसका प्रमिला राई र लक्ष्मी परियाले प्रतिनिधित्व गरेका छन् भने प्रदेशतर्फ एमालेका सुनिता चौधरी र अम्बिका थापा तथा कांग्रेसका सञ्जा दनुवार सांसद छन् । जसमध्ये सुनिता चौधरीले साता दिनअघि नै राजेन्द्र राई नेतृत्वको १० जनामध्येमा सहभागी भई प्रदेश निर्वाचन कार्यालयमा गएर नेकपा (एस)को पक्षमा सनाखत गरिसकेकी छिन्










त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटर:–**बिनोदकुमार पाण्डे** सम्पर्क:– ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

## गाडी रिजर्भ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,
९८५२८३०५८२



# थप प्रशिक्षणको लागि अल्मुताइरी कतार प्रस्थान

❖ बिबेक राई

*गाईघाट, भदौ २१*

नेपाली पुरुष फुटबल टोलीका मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरी थप प्रशिक्षणको लागि अल्मुताइरी कतार प्रस्थान गरेका छन्। कुवेती प्रशिक्षक अल्मुताइरी राष्ट्रिय टोलीलाई थप प्रशिक्षण दिनुको लागि सोमबार कतार गएका हुन्। यद्यपि उनी नेपाली टोलीसँग नभएर एक्लै नै गएका हुन् । उनी पहिला गएर त्यहाँ चाँजोपाजो मिलाउने अर्थात थप प्रशिक्षणको लागि तयारि गर्ने अनिमात्र नेपाली टोली त्यता लाग्नेछन्। नेपाली टोली शुक्रबार कतार जाने योजनामा छन् ।

पहिलो प्रशिक्षक अल्मुताइरी त्यहाँ गएर तयारि गर्ने अनि नेपाली टोली त्यहाँ गएर कम्तीमा १७ दिनको बन्द प्रशिक्षण गर्ने तालिका रहेको छ। १७ दिनको बन्द प्रशिक्षणपछि टोली कतारको राजधानी दोहाबाट नेपाल नफर्केर सोझै माल्दिभ्स जानेछन् । यहि अक्टोबर १ देखि माल्दिभ्समा हुने १३ औं साफ च्याम्पियनसिप खेलेरमात्र टोली नेपाल फर्कनेछन् । नेपाली टोली अहिले यहि साफ च्याम्पियनसिपको तयारिमा व्यस्त छन्। साफकै लागि भनेर प्रशिक्षक अल्मुताइरीले प्रशिक्षणलाई निरन्तरता दिइरहेका छन् ।

साफ तयारीकै लागि भनेर नेपालले भर्खरैमात्र घरेलु मैदानमा भारतसँग दुई मैत्रीपूर्ण खेल खेलेको थियो । गत बिहिबार भारतसँग १-१ को बराबरी खेलेको नेपालले आईतबार भने २-१ को पराजय भोगेको थियो । यद्यपि नेपालले पहिलोमा भन्दा दोस्रो खेलमा सुधारिएको प्रदर्शन गरेको थियो। नतिजा जेभएपनि नेपाली टोलीले पछिल्ला खेलहरुमा आक्रमक खेल्न थालेका छन् । त्यसबाहेक कुनैबेला वर्षौं गोलको खडेरी हुनेमा नेपाली टोलीमा गोलहरु निस्किन थालेको छ ।

प्रशिक्षक अल्मुताइरीले पनि नेपालले पारम्पारिक रुपमै खेल्दै आएको ४-४-२ को रणनीति बदल्दै ४-३-३ को आक्रमक रणनीति लिन थालेका छन् । त्यसैको प्रभावस्वरुप नेपालले भारतविरुद्ध राम्रो प्रदर्शन गरेको थियो । खेल जितेपनि फिफा वरियतामा नेपालभन्दा ६३ स्थान माथिको भारतले गतिलो प्रदर्शन भने गर्न सकेन। मैत्रीपूर्ण खेलपछि भारतीय टोलीपनि सोमबार नै भारत फर्किएका छन्। पुरुष टोली खेलेर फर्किएर जाँदा बंगलादेशको महिला टोली भने सोमबार नै नेपाल आइपुगेका छन् ।

पुरुषपछि नेपाली महिला फुटबल टोलीले पनि दशरथ रंगशालामा दुई मैत्रीपूर्ण खेल खेल्दैछन् । नेपाल र बंगलादेशको महिला टोलीले यहि बिहिबार र आईतबार मैत्रीपूर्ण खेल खेल्दैछन् । दुवै खेल साँझ ५:३० बजे हुनेछ। नेपाली महिला टोली २०२२ मा भारतमा हुने महिला एएफसी एशियन कप छनौट खेलको तयारिमा छ । त्यसैगरि २३ वर्षमुनिको यू-२३ को प्रशिक्षकको जिम्मेवारी बालगोपाल महर्जनलाई दिईएको छ । नेपालले यहि अक्टोबर २५ बाट एएफसी यू-२३ एशियन कपको छनौट खेल खेल्दैछ ।

नेपालसँगै इरान, लेबनान र छनौट खेलको आयोजक ताजकिस्तानजस्ता बलिया टोली एउटै समुह बी मा छन् । यू-२३ को सहायक प्रशिक्षकको जिम्मेवारी रोजित केसी र गोलरक्षक प्रशिक्षकको जिम्मेवारी ललित चन्दलाई दिइएको छ । यता अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा भइरहेको सी डिभिजन छनौटमा भुइँखेल युवा क्लब बाहिरिएको छ । ३-१ को जित हातपारेको राजधानी युवा क्लब भने समुह जी को विजेता बन्दै अघि बढ्न सफल भयो ।

राजधानीले यसअघि नवसमकालिन समाजलाई ३-० र भुइखेलले ३-१ ले पराजित गरेको भएपनि आफू आफूबीचको भिडन्तमा राजधानी भुइखेललाई हराउन सफल भयो। राजधानीका लागि ४२ औं मिनेटमा विशेष तामाङ, ६२ औं मा मनिष गिरीले पेनाल्टी गोल र ६६ औं मा म्यान अफ द म्याच मौसम लिम्बूले एकएक गोल गरे । भुइखेलको लागि ४७ औं मिनेटमा सौगात भण्डारीले एक गोल फर्काएका थिए । समुह एच मा मध्यपुर जागरुक युथ क्लबले दक्षिणकाली परोपकार क्लबलाई ५-० ले पराजित गर्‍यो ।




यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ। साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ। उदयपुर तथा छिमेकी जिल्लाहरुमा होलसेलमा बिक्री सप्लाई गरिन्छ।











माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट